आज मिति २०८२ साल कात्तिक ३० गते आइतबारका दिन बिहान ८:०० बजे यस पञ्चकन्या गाउँपालिकाका अध्यक्ष श्री तेज बहादुर तामाङज्यूको अध्यक्षतामा तपशिलमा उल्लेखित कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा यस पञ्चकन्या गाउँ कार्यपालिकाको बैठक वसी देहाय अनुसारका प्रस्ताव उपर छलफल गरि निम्नानुसार निर्णय गरियो।

उपस्थिति:

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री तेज बहादुर तामाङ | अध्यक्ष | |
| २ | श्री बिमला के.सी. | उपाध्यक्ष | |
| ३ | श्री माहानन्द ढकाल | वडा अध्यक्ष | |
| ४ | श्री रामशरण श्रेष्ठ | वडा अध्यक्ष | |
| ५ | श्री राम बाबु पराजुली | वडा अध्यक्ष | |
| ६ | श्री सञ्च तामाङ | वडा अध्यक्ष | |
| ७ | श्री माधब प्रसाद सिटौला | वडा अध्यक्ष | |
| ८ | श्री सुशिला अधिकारी | कार्यपालिका सदस्य | |
| ९ | श्री सुभेक्षा मगराती | कार्यपालिका सदस्य | |
| १० | श्री चन्द्रावती श्रेष्ठ | कार्यपालिका सदस्य | |
| ११ | श्री कमली मिजार | कार्यपालिका सदस्य | |
| १२ | श्री बुद्धि बहादुर विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १३ | श्री सरोज बि.क. | कार्यपालिका सदस्य | |
| १४ | श्री हिराधन राई | सचिव | |

Scanned with CamScanner

**निर्णय नं. १,**

चालु आ.व. ०८२/८३ को स्वीकृत बजेट कार्यान्वयन गर्न कतिपय निर्माण तथा अन्य कार्यहरु लाभग्राहीहरु मार्फत नै उपभोक्ता समिति निर्माण गरी कार्यान्वयन गर्ने प्रचलित कानुन बमोजिम गरिदै आईएको तर उपभोक्ता समितिले निर्माणका कार्यहरु सम्पादन गर्दा हेभी मेसिन प्रयोग गरेर गर्ने प्रकृतिका कार्य प्राविधिकको सिफारिस बिना गर्न नमिल्ने प्रचलित कानुनमा उल्लेख भएकोले यस वर्ष यस पालिकाभित्र उपभोक्ता समितिबाट कार्यान्वयन गरिने कार्यमा हेभी मेसिन प्रयोग गर्नुपर्ने प्रकृतिको भई प्राविधिकले सिफारिस गरेको अवस्थामा स्वीकृति दिई निर्माण कार्यलाई कार्यान्वयन गर्ने निर्णय गरियो।

**निर्णय नं. २,**

यस पञ्चकन्या गाउँपालिकामा स्थायी प्राविधिक कर्मचारीहरु कमै मात्र भएको र भएको केही प्राविधिक कर्मचारीहरु राजीनामा गरी सेवाबाट अलग हुनुभएकोले योजना कार्यान्वयनमा बाँधा व्यवधान उत्पन्न भएको कारण तत्काल नियमानुसार सहायक स्तर चौथो तहमा २ जना अ.स.ई. को नियमानुसार विज्ञापन आह्वान गरी करारमा लिई नियमानुसार कामकाज गराउँने निर्णय गरियो।

**निर्णय नं. ३,**

यस पञ्चकन्या गाउँपालिकाको कार्यालयका उपर विभिन्न अड्डा अदालत, न्यायिक तथा अर्धन्यायिक निकायहरुमा दायर हुने विभिन्न मुद्दा, रिट, दावीका सम्बन्धमा कार्यालयको तर्फबाट उपस्थित भई फिराद, प्रतिउत्तरपत्र, लिखित जवाफ, दरखास्तपत्र, प्रतिदावी व अन्य कुनै पनि कानुनी लिखित पेश गर्ने वा अड्डा अदालत, न्यायिक तथा अर्धन्यायिक निकायमाहरुमा उपस्थित भई कानुन बमोजिमको कार्य गर्नको लागि यस पञ्चकन्या गाउँपालिकाको कार्यालयमा कार्यरत सब-ईन्जिनियर श्री मिलन कार्कीलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो।

**निर्णय नं. ४,**

यस कार्यालयमा २ वटा एम्बुलेन्स सञ्चालनमा रहेको साथै दुई चालक पनि रहेको र ती दुई सवारी चालकको तलव भत्ता लगायतका सेवा सुविधा एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन कार्यविधि बमोजिम हुने गरी भुक्तानी हुँदै आएपनि सो कोषमा स्रोतको अभाव भएको कारण अपुग तलव भत्ता लगायतका सेवा सुविधा यस पालिकाको करार सेवा शुल्कबाट भुक्तानी गर्ने निर्णय गरियो।

Scanned with CamScanner

निर्णय नं. ५,

यस वर्ष २०८२ असोजमा भएको अविरल वर्षाका कारण यस पञ्चकन्या गाउँपालिकाका किसानहरुको पाकेर थन्काउँने बेला भएको धानबालीमा क्षति देहायअनुसार भएको पालिकाले गरेको सर्वेक्षणबाट पाईयो।

तपसिल

| क्र.सं. | वडा नं. | जग्गाको क्षेत्रफल (रोपनीमा) | अनुमानित उत्पादन (प्रति रोपनी २.५ क्विन्टलका दरले ) | क्षति | कै. |
|---|---|---|---|---|---|
| १. | १ | २९८.९ | ७४७.२५ | पूर्ण | ७० जना कृषकको |
| २. | २ | १४४६ | ३६१५ | पूर्ण | २५० जना कृषकको |
| ३. | ३ | ११७९.१० | २९४७.७५ | पूर्ण | १७३ जना कृषकको |
| ४. | ४ | ९५९.१० | २३९७.७५ | पूर्ण | २०५ जना कृषकको |
| ५. | ५ | ८१५.१३ | २०३७.८२५ | पूर्ण | १०२ जना कृषकको |
| जम्मा | | ४६९७.५२ | ११७४५.५७५ | | ८०० जना कृषक |

उल्लेखित विवरण अनुसार कृषकको धानबालीमा भएको क्षतिको यथाशिघ्र राहतको लागि वागमती प्रदेश सरकार र संघ सरकारलाई अनुरोध गरी लेखि पठाउँने निर्णय गरियो।

निर्णय नं. ६,

स्थानीय कृषि तथा पशुपन्छी विकास समिति गठन सङ्घ, प्रदेश र स्थानीय तह कृषि क्षेत्र समन्वय सम्बन्धी कार्यप्रक्रिया, २०८० बमोजिम देहायअनुसार गठन गर्ने निर्णय गरियो।

तपसिल

गाउँपालिका अध्यक्ष वा आर्थिक समिति संयोजक — संयोजक
कृषि शाखा प्रमुख — सदस्य
पशु सेवा शाखा प्रमुख — सदस्य
सहकारी प्रतिनिधि १ जना — सदस्य
सामुदायिक संस्था प्रतिनिधि १ जना — सदस्य
कृषक प्रतिनिधि १ जना — सदस्य
कृषि शाखाका कर्मचारी सदस्य सचिव भई काम गर्ने ।

Scanned with CamScanner

निर्णय नं. ७,

चालु आ.व. ०८२/८३ मा कार्यान्वयन हुने गरी बजेटमा पारित प्रथम पञ्चकन्या गाउँपालिका स्तरीय खुला तेक्वान्दो प्रतियोगिता सञ्चालनको लागि रु. ४,००,०००/- विनियोजन भएकोमा सो को शिर्षक परिवर्तन गरी राष्ट्रिय स्तरको खुला तेक्वान्दो प्रतियोगिता सञ्चालनार्थ राष्ट्रिय तेक्वान्दो संघ- नेपाललाई अनुदान दिई कार्यान्वयन गर्ने निर्णय गरियो।

निर्णय नं. ८,

यस पालिकाको वडा नं. ४ घलेभञ्ज्याङ स्थित वीर वहादुर तामाङको घरमुनिको पहिरो र सडक संरक्षण गर्नुपर्ने अवस्था देखिएकोले जलउत्पन्न प्रकोप व्यवस्थापनबाट रु. १,००,०००/- रकमान्तर गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

निर्णय नं. ९,

यस गाउँपालिकाको वडा नं. १ बाट देहायका कार्यक्रमहरुबाट निम्नानुसार रकमान्तर गर्न प्रस्ताव आएकोले देहायअनुसार हुने गरी निर्णय गरियो।

<u>तपसिल</u>

| क्र.सं. | साविक शिर्षक | रकम रु. | क्र.सं. | परिवर्तित शिर्षक | रकम रु. |
|---|---|---|---|---|---|
| १. | सडक सरसफाई | रु. ४,००,०००/- | १. | सडक सरसफाई, नयाँ ट्रयाक खोल्ने तथा ग्राभेल गर्ने कार्य | रु. ९,००,०००/- |
| २. | कृषि मोटर बाटो | रु. ४,००,०००/- | | | |
| ३. | कृषि तथा सहकारी | रु. १,००,०००/- | | | |
| ४. | खानेपानी | रु. ३,५०,०००/- | १. | आँपचौर फगते खानेपानी | रु. ५०,०००/- |
| | | | २. | बाँनियाटार खानेपानी | रु. १,००,०००/- |
| | | | ३. | पाईप खरिद | रु. १,२५,०००/- |
| | | | ४. | खानेपानी मिटर खरिद | रु. ७५,०००/- |
| ५. | मठमन्दिर पाटिपौवा तथा प्रतिक्षालय निर्माण | रु. ३,५०,०००/- | १. | गौरीशंकर तथा राधाकृष्ण मन्दिर | रु. १,५०,०००/- |
| | | | २. | मठमन्दिर पाटिपौवा तथा प्रतिक्षालय निर्माण | रु. २,००,०००/- |
| ६. | भैपरी आउने विविध कार्यक्रमहरु | रु. २,००,०००/- | १. | सा.सु. लाभग्राहीहरुलाई ब्याग वितरण | रु. ७५,०००/- |
| | | | २. | भैपरी आउने विविध कार्यक्रमहरु | रु. १,२५,०००/- |

Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| ७. | चालु तर्फको राष्ट्रिय रोजगार कार्यक्रम | रु. २,००,०००/- | १. | नाली सरसफाई, वन्यजन्तुको लागि जंगलभित्र खानेपानी पोखरी निर्माण र सुख्खा वाल निर्माण | रु. २,००,०००/- |

**निर्णय नं. ९,**

यस पालिकाको वडा नं. २ मा पर्ने छहरे-राष्ट्रिय मा.वि. सडक खण्डमा पर्ने फुयाल टोलको ठाँडो खोलामा रहेको कल्भर्ट गत आषाढ महिनादेखि हालसम्मको अविरल वर्षा र बाढी पहिरोको कारण पूर्ण रुपले क्षति भई सडक यातायात अवरुद्ध भएकोले तत्काल कल्भर्ट मर्मत गर्नुपर्ने जरुरी भई मिति २०८२/०४/०३ को अध्यक्षस्तरको निर्णयानुसार प्राविधिक स्टिमेट बमोजिम कार्य अगाडि बढाई विपद्को घटना भएको कारण आकस्मिक तथा भैपरी आउने आर्थिक, सामाजिक पूर्वाधार वातावरण तथा विविध व्यवस्थापनक पुँजीगत खर्चबाट भुक्तानी गर्ने निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. १०,**

घलेभञ्ज्याङस्थित वीर बहादुर तामाङको घरसँगै रहेको सडक छेऊमा पहिरो गई घर र सडकमा अति जोखिम भएकोले तत्काल मर्मत सम्भार गर्न आवश्यक रहेकोले जलउत्पन्न प्रकोप व्यवस्थापन शिर्षकबाट रु. १ लाख रकमान्तर गरी कार्यान्वयन गराउने र आगामी सभाबाट पारीत गराउने निर्णय गरियो।

अन्य विषय नभएकोले आजको बैठक समापन गरियो ।

Scanned with CamScanner